घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

## प्रेस बिज्ञप्ती

मिति : २०७८ चैत २० गते

आदरणीय पत्रकार मित्रहरु,

लामो मेहनत र प्रयासपछि हामी घोराही उपमहानगरपालिकालाई बालमैत्री घोषणाको अन्तिम तयारीमा आइपुगेका छौं । बालअधिकार महासन्धी १९८९, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालवालिका सम्बन्धी ऐन २०७५, बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा भएको व्यवस्था बमोजिम घोराही उपमहानगरपालिकालाई देशकै पहिलो बालमैत्री उपमहानगरपालिका घोषणा गर्न थालिएको छ। यो गौरवपूर्ण कामले घोराही उपमहानगर र नगरवासीको शिर उचो बनाएको छ।

घोराही उपमहानगरपालिकालाई बालमैत्री घोषण गर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी आबश्यक दस्तावेजसहित अनुगमनका लागि जिल्ला समन्वय समितिमा पेश गरिएको थियो । जिल्ला समन्वय समितिको अनुगमन प्रतिवदेनका आधारमा प्रदेश सरकारबाट समेत अनुगमन गरी बालमैत्रीका ५१ वटा सूचकहरु पूरा भएको पाइएपछि लुम्बिनी प्रदेश सरकार माननीय मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको २०७८ चैत ९ गतेको निर्णय अनुसार घोराही उपमहानगरपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्न अनुमति प्राप्त भएको छ ।

सम्पूर्ण प्रावधानहरु पूरा गरी प्रदेश सरकारबाट घोषणाका लागि अनुमति पाएपछि अब यही २०७८ साल चैत २३ गते घोराही नगर विकास समिति र दाङ जिल्ला उद्योग बाणिज्य संघको वहुउद्देशीय सभाहलमा भव्य कार्यक्रम आयोजना गरी घोराही उपमहानगरपालिकालाई बालमैत्री उपमहानगर घोषणा गर्न गैरहेका छौं । यस घोषणा समारोहलाई भव्य बनाउन सम्पूर्ण पत्रकार ज्यूहरुको अमूल्य सहयोगको अपेक्षा गरेका छौं ।

यस उपमहानगरलाई बालमैत्री बनाउने क्रममा बालमैत्री स्थानीय शासन उपमहानगर समितिका सदस्यहरु, जनप्रतिनिधिहरु, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, उद्योग बाणिज्य संघ, चेम्वर अफ कमर्श,होटेल व्यवसायी समिति, अटो भिलेज व्यवस्थापन समिति, यातायत व्यवसायी समिति, उपमहानगरका सबै शाखा, महाशाखाहरु, विद्यालय,बालबालिकाको क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्थाहरु र पत्रकार समेतको सहभागितामा संयुक्त अनुगमन गरी बालमैत्री स्थानीय शासनको अवस्थाबारे अध्ययन अवलोकन गरिएको थियो । बालमैत्री घोषणाका लागि महत्वपूर्ण योगदान गर्ने सबै सरकोकारवालाहरुप्रति हामी आभार व्यक्त गर्दछौं ।

बालमैत्री घोषणाका लागि हालसम्म भएका मुख्य मुख्य क्रियाकलापहरुलाई निम्नानुसार छोटकरीमा प्रस्तुत गर्न चाहन्छु :

- बिद्यालयहरुमा बालमैत्री आचारसंहिता कार्यान्वयन गरी बालमैत्री वातावरणमा अध्ययन अध्यापन भैरहेको ।

नरुलाल चौधरी
नगर प्रमुख

घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

- घोराही उपमहानगरपालिका कार्यालयका साथै हरेक स्वास्थ्य केन्द्रमा स्तनपान कक्षको व्यवस्था भएको ।
- पूर्णखोप र खुलादिशामुक्त घोषणा भएको ।
- सहयोगापेक्षी सडक मानवमुक्त नगर घोषणा भएको ।
- १९ वटै वडाहरुमा बालक्लव र बालसंजालको गठन भई कार्यक्रमहरु सञ्चालन भएको ।
- सबै शाखा, महाशाखा, वडा र बिद्यालयहरुमा बालमैत्री फोकलपर्सनको व्यवस्था भएको ।
- १५ प्रतिशत रकम बालबालिकाको लागी विनियोजित गरी कार्यन्यन गरिएको ।
- बालमैत्री स्थानिय शासनको विस्तृत कार्ययोजना निर्माण गरी कार्यान्वियनमा ल्याएको ।
- बालमैत्री स्थानिय शासनका लागि १९ वटै वडामा अभिमुखिकरण गरी बालमैत्री समिति, बालसंरक्षण समिति, लैंगिक हिंशा न्यूनिकरण समिति गठन गरिएको ।
- सबै सरोकारवालाहरुबाट बालमैत्री घोषणाका लागि प्रतिवद्धता गरिएको ।
- बाल भेलामार्फत बालबालिकाको हितमा योजना निर्माण गरी सो अनुसार कार्यान्वयन गरेको ।
- टोल विकास संस्था, महिला सहकारी तथा आमा समूहले बालअधिकार सम्बन्धि वडा तथा बस्ती स्तरमा वकालत गर्ने गरेको ।
- सबै सरोकारवालाहरुका लागि बालमैत्री आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याएको ।
- विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाको अर्थपुर्ण सहभागिता रहेको ।
- उघोग बाणिज्य संघ, होटेल व्यवसायी समिति लगाएतका सरोकारवालाले बालश्रम अन्त्यका लागि काम गरेको ।
- माइकिङ, प्रचार प्रसार तथा भित्ते लेखन र सन्देशमुलक होडिङवोर्ड स्थापना भएको
- एफ्‌एम् रेडियोबाट बालबालिका सम्बन्धी कार्यक्रम संचालन भएको ।
- सञ्चार माध्यमबाट नियमितरुपमा बालअधिकार संरक्षण सम्बन्धी सामग्रीहरु सम्प्रेषण भैरहेको ।

अन्तमा बालमैत्री उपमहानगर घोषणाका लागि बिभिन्न क्षेत्रबाट सहयोग गर्नुहुने पत्रकार, शुभेच्छुक, बालमैत्री बिज्ञहरु, बालमैत्री फोकलपर्सन, शाखा, महाशाखा, वडा कार्यालय, बिद्यालय, टोल विकास संस्था, बाल क्लव, किशोरी समूह लगाएत सबै सहयोगीहरुलाई धन्यवाद् दिन चाहन्छु । धन्यवाद् ।

नरुलाल चौधरी
नगर प्रमुख

नरुलाल चौधरी
नगर प्रमुख